गौरा प्रसाई । २०६८ । *मेरा जीवनका पाना* । ललितपुर : साझा प्रकाशन ।
शान्ता चौधरी । २०७० । *कमलरीदेखि सभासद्सम्म* । काठमाडौँ : सांग्रिला पुस्तक प्रालि ।

## सामूहिक समीक्षा

यो पुस्तक समीक्षामा दुई जना लेखकको मात्र नाम भए पनि २० जुन २०१४ र १८ जुलाई २०१४ मा चौकठले क्रमशः गौरा प्रसाईको *मेरा जीवनका पाना* र शान्ता चौधरीको *कमलरीदेखि सभासद्सम्म* भन्ने पुस्तकमाथि गरेको छलफलमा सहभागी सम्पूर्णको विचार विमर्शको उपज हो ।[५] चौकठ नारीवादी दृष्टिकोणले समाज, राजनीति, सञ्चार लगायतलाई केलाउने साझा सञ्जाल हो । हाम्रा धेरै कार्यक्रममध्ये मार्च २०१३ देखि थापाथलीस्थित मार्टिन चौतारीमा चलाइँदै आएको मासिक पुस्तक छलफल पनि एक हो । पुस्तक छान्ने

[५] यो पुस्तक समीक्षा *स्टडीज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* जर्नलको वर्ष १९ अंक १ (सन् २०१४ : १७७–१८७) मा अंग्रेजी भाषामा प्रकाशन भएको थियो । यसलाई सुमन रायमाझी, सुरभी पुडासैनी र अर्जुन पन्थीले अनुवाद गरेका हुन् ।

हाम्रो कुनै विशेष विधि, ढाँचा, अथवा संरचना छैन । छलफल गरिएका पुस्तकहरू एउटाबाहेक सबै नेपाली भाषाका थिए । शुरूका केही पुस्तक चौकठ आफैले छानेको भए पनि बिस्तारै सहभागीहरूसँगै सुझाव लिएर पुस्तक छनोट गर्न थालिएको हो । हाम्रा नियमित सहभागीहरू धैरै संख्यामा महिला नै हुन्छन्, त्यसमा पनि विभिन्न क्षेत्र जस्तै, समाज विज्ञानका विद्यार्थी, कलाकार, प्राज्ञ एवं सामाजिक संघसंस्थामा कार्यरतहरू छन् । दुई घण्टा चल्ने पुस्तक छलफलपश्चात् नजिकैको चिया पसलमा बसेर गरिने अन्य कुराकानीसँगै आउने शृंखलाका लागि कुन पुस्तक छान्ने भन्नेबारेमा पनि छलफल हुन्छ ।

सामूहिक समीक्षाका लागि प्रस्तुत दुई पुस्तक नै छान्नुको कारण यस्तो छ । प्रसाई र चौधरी दुवै नेपाल कम्युनिस्ट पार्टी, (एमाले) का सदस्य हुन् र दुवैले संविधानसभामा सभासद्को हैसियतमा काम गरेका छन् । चौधरी पहिलो र प्रसाई दोस्रो संविधानसभामा समानुपातिक तर्फबाट चुनिएका थिए । दुवै महिलाको सामाजिक पृष्ठभूमि "जातियता, वर्गीय, भौगोलिक हिसाबले" एकदमै फरक छ । एमाले र मूलधारको राजनीतिमा प्रवेश गर्नुको कारण र उत्प्रेरणामा पनि दुवैबीच भारी अन्तर छ ।

उनीहरूले आ-आफ्ना संस्मरण लेख्नुमा पनि फरकफरक अनुभव र उत्प्रेरणाले काम गरेको देखिन्छ । दुवै संस्मरण उल्लिखित समय, संरचना एवं विषयवस्तुको हिसाबले गहकिला छन् । दुई वर्षकै अन्तरालमा प्रकाशित भए पनि यी पुस्तकले समेटेका समयावधि अनि राजनीतिक र सामाजिक क्षणहरू एकदमै फरक छन् ।

## दुई महिला, फरक ध्रुव

प्रसाईको कथा खास गरी झापा आन्दोलन, जुन हाल एमालेमा रहेका बहुसंख्यक सदस्यद्वारा सञ्चालित थियो, ले कम्पन ल्याएको समय वरिपरि घुमेको छ । पुस्तकमा भएको विवरणअनुसार प्रसाई परिवार उपल्लो जातको भए पनि आर्थिक रूपमा सम्पन्न भने लाग्दैन । तर हामी अन्दाज गर्न सक्छौं कि प्रसाई परिवार खेति किसानी गरेर हात मुख जोड्न भने समस्या नहुने मध्यमस्तरको थियो । प्रसाईले पुस्तकमा आफ्नो बुवालाई प्रगतिशील व्यक्तिको रूपमा चित्रित गरेकी छन्, जसले उनलाई हुर्किदै गर्दाको समयदेखि नै स्कूल जान र शारीरिक रूपमा बलियो रहन सधैँ प्रेरित गरिरहे । पुस्तकको शुरूआतमै बुवाले उनलाई कसरी लौरो नचाउने, उफ्रिने, अनि आरोहण कौशल सिकाए भन्ने उनले लेखेकी छन् । सन् १९७२ मा १३ वर्षको मात्र हुँदा उनलाई कम्युनिस्ट विचारधारासँग आस्थावान उनका शिक्षकले पार्टीको काममा लगाइदिए । पार्टीमा उनको काम के थियो भनेर प्रस्ट नखुले पनि स्कूल गएर बचेको समयमा आफ्नै गाउँठाउँमा बसेर गर्न सकिने प्रकारको थियो भनेर बुझ्न सकिन्छ । यसमा उनका बुवाको सहमति थियो वा थिएन भन्ने पनि पुस्तकमा खुल्दैन । त्यसैबीच आफूभन्दा धैरै जेठो पुरुषको दोस्रो विवाह उनीसँग हुदैछ

भन्ने हल्ला चलेको उनले जब थाहा पाइन् तत्कालै परिवारको निर्णय कुल्चदै घर छोडेर पूरै भूमिगत छापामार आन्दोलनमा होमिइन् ।

उनी भूमिगत भएपछिको क्षणबाट पुस्तक *मेरा जीवनका पाना* शुरू हुन्छ । बाँकी पृष्ठहरू भूमिगत जीवनका अनुभव र अनुभूतिको संगालो हुन् । आफू हिँडेका र बसेका ठाउँ, भेटेका मानिस, पक्राउ र जेलजीवन, त्यसपछि रिहाइ, बिरामी परेको समय साथै सहकर्मी कमरेडसँगको विवाह र पारिवारिक जीवनको फेहरिस्त यसमा पढ्न सकिन्छ । संस्मरणमा लेखिएका उनको जीवनका क्षण र मोडहरू राजनीतिले नै डोऱ्यायो । विशेष गरी चर्चित तत्कालीन झापा आन्दोलनको ज्वारभाटाले । संस्मरण यसरी शुरू हुन्छ "त्यति बेला देशको परिस्थिति अत्यन्तै जटिल थियो । कालो पञ्चायती शासन थियो । शिक्षित र चेतनशील वर्गको हातमुख बाँधिएको थियो" (पृ. १) । तर आफ्नो कथामा त्यो विद्रोहको कारण र भाव अथवा पार्टीमा उनको भूमिकाको बारेमा गहिरो गरी कहीँ कतै खोतलेकी छैनन् । उनको राजनीतिक हुर्काइ कस्तो थियो? पार्टीमा उनको भूमिका के थियो? एमाले र तत्कालीन झापा आन्दोलनको मूल्य मान्यता तथा दृष्टिकोणसँग हालको राजनीति कसरी तुलना गर्छिन्? उनी कसरी राजनीतिमा उदाइन् र आजको ठाउँमा आइपुगिन्? यस्ता धेरै प्रश्नमा प्रसाई प्रवेश नै गर्दिनन् ।

यो संस्मरण प्रसाईले आफ्ना उत्पीडन र उपलब्धिहरूलाई क्रमिक रूपमा राख्नको लागि लेखे जस्तो देखिँदैन । पुस्तकमा परिचय पनि छैन र लेख्ने प्रेरणाको स्रोत बारेमा पनि प्रसाई अरू केही बोल्दिनन् । पुस्तक छलफल (२० जुन २०१४) मा आउँदा उनले आफ्ना घनिभूत भावहरू पोख्ने आकांक्षा नै पुस्तक लेख्नुको उत्प्रेरणा हो भनेकी थिइन । यो प्रस्ट छ कि प्रसाईकै दृष्टिकोणमा त्यो समय उनको जीवनमा केही क्षणिक तथा केही विस्तारित दुःखहरूले छाएको थियो । त्यही समयमा नै उनले आफ्नै विचार र अनुभवको टिपोट राखेकी थिइन् । यो संस्मरण सोही टिपोटलाई एकदमै न्यून सम्पादन गरेर छापिएको जस्तो लाग्छ । संस्मरणले प्रसाईको जीवनकथा भन्नलाई प्रत्येक निश्चित स्थान र घटनाहरूमा केन्द्रित गर्छ । प्रसाई आफ्नो कथाबाट कुनै महिला/क्रान्तिकारीहरूलाई हौसला दिन तथा प्रेरित गर्न कोसिस गर्दिनन् । उनी आफ्नो पार्टीको बारेमा कुनै टिप्पणी राख्न वा भविष्यको लागि दूरदर्शी विचार राख्न पनि चाहन्नन् । आफ्नो जीवनको निश्चित अवधिको अनुभूति, भावना र घटनाहरू लेख्नु, ताकी अरूले उनको अनुभव बुझून् साथै दुःख र साहसको मूल्यांकन गरून् भन्ने नै पुस्तक लेख्नुको उत्प्रेरणा हो भन्ने बुझिन्छ ।

यता चौधरीलाई संस्मरण लेख्न भने विभिन्न प्रेरणाको स्रोत मिलेको देखिन्छ । झमककुमारी घिमिरेको *जीवन : काँडा कि फूल* (२०६७) भन्ने आत्मकथा पढेपछि आफ्नो संस्मरण लेख्न प्रेरणा मिलेको कुरा उनले पुस्तकको भूमिकैमा लेखेकी छन् । मस्तिष्कघातबाट पीडित घिमिरेले आफ्नो खुट्टाले आत्मकथा लेखेकी थिइन् । घिमिरेले त्यति धेरै दुर्बलताका

बावजुत पनि आफ्नो सक्रियतामा विश्वास गरेको कुराले चौधरीलाई भित्रैबाट छोयो । शारीरिक रूपले अशक्त नभए पनि, आफूले पनि जन्मेदेखि नै धेरै हण्डर र दुःख झेल्नुपरेको चौधरीलाई महसुस हुन्छ । धेरैपछि मात्र केही औपचारिक शिक्षा आर्जन गरेकी उनले अरू कसैले आफ्नो संस्मरण लेखिदिने प्रस्ताव राखे पनि त्यसलाई अस्वीकार गर्दै आफै लेख्ने अठोट गरिन् । साथै, चौधरी अमानवीय कमारा-कमारी प्रचलन र भूमिहीनता, जुन धेरै नेपालीहरूको अनुभव र वास्तविकता पनि हो, पुस्तकमार्फत प्रस्ट पार्न चाहन्थिन् । त्यसैले यो संस्मरण उनको "इच्छा र वास्तविकता" दुवैको उपज हो भन्ने चौधरीको कथन छ ।

चौधरीको जीवनमा बच्चादेखि नै दुःख र कष्टको पहाड उभिएको थियो । उनी नेपालको पश्चिम तराईको थारू परिवारमा जन्मिन् जहाँ थारूहरू पुस्तौँ पुस्तादेखि कमैया/कमलरी भएर काम गर्न बाध्य थिए । चौधरीको जस्तो परिवारमा जन्मिएर स्कूल जाने कुरा कल्पनाबाहिर नै थियो । उनले नौ वर्षको उमेरमै स्थानीय प्रचलनअनुसार कमलरी भएर जमिनदारको घरमा काम गर्न थालिन् । पुस्तकमा उनले कमलरी प्रथाका भयानक कठोरताहरू उल्लेख गरेकी छन् । यी कथाहरू पुस्तकमार्फत नै पहिलोपटक उजागर भएको भने होइन । पुस्तक लेख्नु अगाडि संविधानसभा सदस्य भएदेखि नै विभिन्न सञ्चारमाध्यममार्फत यी कुराहरू उनले बाहिर ल्याइसकेकी थिइन् ।

पुस्तकमा उनले जमिनदारसँगको मात्र होइन, परिवार र समाजबाट उनको सक्रियतामा आएका रोकावट र छेकबारविरुद्ध आफूले गरेको संघर्षलाई पनि महत्त्वका साथ लेखेकी छन् । झन् आफ्नो राजनीतिक र सामाजिक अभियानको गोरेटो तथा योगदानलाई त मियो झैँ गाडेकी छन् । आफ्नो भूमिअधिकार मञ्चप्रतिको प्रतिबद्धता र सांगठनिक कार्यहरूबारे स्पष्ट रूपमा लेखेकी छन् । गाउँमा बिजुली ल्याउन आफूले बोकेको जिम्मेवारीलाई पनि महत्त्व दिएकी छन् । सन् १९९० दशकको मध्यमा एमाले सरकारले ल्याएका सामाजिक सुरक्षाका योजना देखेर उनी एमालेबाट प्रभावित भइन् । फलस्वरूप आफूले एमाले पार्टी रोजेको उनको कथन छ । सर्वहाराहरूको प्रतिनिधि भनिएका माओवादीले लिएको हिंसाको बाटो भने उनलाई मन परेन । त्यसैले आफू माओवादीसँग निकट हुन नसकेको उनी स्पष्ट पार्छिन् । संसदको प्राकृतिक स्रोत तथा साधन समितिमा हुँदा आफूले गरेका कामहरूलाई पनि उनको पुस्तकमा जोड दिइएको छ । त्यहाँ रहँदा आफूले भूमिहीनहरूको जंगल र प्राकृतिक स्रोतमाथिको अधिकार सुनिश्चित गर्न जोड गरेको बताएकी छन् । कमलरीलाई स्वतन्त्रता र सामर्थ्यवान बनाउन आफू निरन्तर प्रतिबद्ध भएको पनि उनको दाबी छ ।

चौधरीको संस्मरण प्रसाईको भन्दा प्रकटरूपमा राजनीतिक छ भन्ने हाम्रो तर्क छ । त्यसका लागि हामीले दुई ओटा सम्भावित कारण खुट्याएका छौँ । पहिलो, चौधरी जुन राजनीतिक र सामाजिक जागरणमा परिपक्व हुँदै गइन त्यो समय प्रसाईको भन्दा धेरै फरक थियो । सन् १९९० को पहिलो जनआन्दोलनपछि पनि समाजमा जाति, भाषा, धर्म, भूमिमा

आधारित असमानताहरू प्रगाढ रूपमा कायम रही रहे । तर त्यो राजनीतिक परिवर्तनले ल्याएको खुल्लापनले गर्दा विभिन्न धार र क्षेत्रबाट संगठित हुँदै राजनीतिमा प्रवेश गर्ने बाटाहरू खुले । भूमिसुधार तथा भूमि अधिकारको मुद्दामार्फत चौधरी नेकपा एमालेको राजनीतिमा प्रवेश गरिन् । आफ्नै अनुभवले गर्दा उनी यी मुद्दामा धेरै दख्खल राख्थिन् । गाउँ, क्षेत्र, जिल्लामा क्रमशः काम गर्दैजाँदा आफ्नो राजनीतिक बुझाइलाई माझ्ने मौका पाइन् । जसले उनको राजनीतिक यात्राका स-सानादेखि बृहत् समझ, कौशल र दक्षता आधारभूतरूपमै बलियो बनायो । यता प्रसाईले भने ठूला ठूला अमूर्त राजनीतिक सिद्धान्तभित्र बसेर काम गरे पनि व्यावहारिक पक्षको आवश्यक अभ्यास गर्न पाइनन् । चौधरीलाई भने सन् २००६ को दोस्रो जनआन्दोलनलगत्तै उठेको समावेशिता, समानुपातिक प्रतिनिधित्व, सीमान्तकृत समुदायलाई आरक्षण जस्ता राजनीतिक लहरहरूले प्रशस्त मद्दत गऱ्यो ।

दोस्रो, पार्टी भित्र उनीहरूको राजनीतिक भविष्यमा पनि फरकफरक स्थान र बुझाइले संस्मरणमा भिन्नाभिन्नै भावना प्रस्तुत भएका छन् । प्रसाई दोस्रो संविधानसभामा समानुपातिक तर्फबाट सभासद् हुनुको अर्थ पार्टीमा उनको प्रभाव बाँकी छ भन्ने हो । उनीसँग पार्टीभित्र निर्णायक स्थानमा पुग्ने र आम जनतामा ठूलो परिचय भने छैन । तुलनात्मक रूपमा उनी करियरको अन्त्यतिर हुँदा ठूलो परिवर्तन आउने सम्भावना देखिँदैन । यता चौधरी भने पार्टीमा आफ्नो प्रभाव निरन्तर बढाउँदैछिन् । संसदीय समितिमा सभापतिको हैसियतमा काम गरिसक्नु भनेको लरतरो योग्यता पक्कै होइन । यो संस्मरण प्रकाशित भएपश्चात् उनले दोस्रो संविधानसभा सन् २०१३ को निर्वाचनमा पार्टी भित्रैसमेत प्रतिस्पर्धात्मक मानिने छनोट चरणबाट प्रत्यक्ष निर्वाचनमा गृह जिल्लाबाट उमेद्वारी पाइन् । त्यो निर्वाचन हारे पनि उमेद्वार बन्न पाउनु नै उनको सीप, दक्षता, योग्यता र महत्त्वाकांक्षाको उपज हो । किनकि धेरै प्रभावशाली महिला कार्यकर्ता नै पनि प्रत्यक्ष निर्वाचनको टिकट पार्टीले नदिएर वा आफैले नचाहेर समानुपातिक सूचीमा थन्किनु परेको अवस्था थियो । यसबाट भन्न सकिन्छ कि चौधरीले पुस्तक लेख्नुको एउटा उद्देश्य आमजनता र पार्टी नेतृत्वअघि आफूलाई लायक नेताका रूपमा प्रस्तुत गराउनु पनि हो ।

## फरक महिला, उस्तै चिन्तन

यी दुई महिलाको व्यक्तिगत र राजनीतिक पृष्ठभूमिमा आकाश जमिनको अन्तर छ । तर हाम्रो सामूहिक पुस्तक समीक्षामा दुवै पुस्तकबाट तीन प्रमुख विषयवस्तु छलफलको लागि निस्किए । पहिलो, छलफलमा सहभागीहरूले दुवै महिलामा राजनीतिक संघर्ष गर्ने अद्भूत शक्ति हुनु तर घर परिवारसँग निरिह देखिनुबीच विरोधाभास पाए । दोस्रो, नेकपा एमालेले दुवैलाई चाहिने सहयोग नगरेको विषयमा चर्चा भयो । अझ विशेष गरी प्रसाईको मामलामा, भूमिगत पार्टीले उनीबाट अरू आम कार्यकर्ता जत्तिकै ठूलो त्याग र बलिदानी माग्यो । तर

उनको गर्भावस्था र बच्चा हुर्काउने समयमा पूरै बेवास्ता गऱ्यो । हुन त कुनै पनि पार्टीले महिला या पुरुष कार्यकर्ताको सीप अभिवृद्धिको लागि स्रोतसाधनको व्यवस्था नै गर्दैनन् भन्नेमा सहभागीको सहमति थियो । तर पनि विशेष गरी महिलाहरूले विवाह गरेपछि र बच्चा जन्माएपछि पुनः राजनीतिमा फर्कनको लागि लगभग कुनै बाटो नै देखिँदैन ।

तेस्रो, दुवै संस्मरणमा यौन हिंसाको भय निरन्तर देखिन्छ । अझ प्रसाईको त भूमिगत आन्दोलनको समयमा अपहरण भई वेश्यालयमा बेचिएर पनि होला केन्द्रीय विषय नै यही छ । सबै भन्दा विक्षिप्तता यसमा भए पनि उनी निरन्तर रूपमा साथी कार्यकर्ता, सुरक्षाकर्मी, आफ्नै सिनियरबाट अवाञ्छित यौन इच्छा र बलात्कार प्रयासको शिकार भइरहिन् । पुस्तकैभरि महिला र वामपन्थी गुरिल्ला दुई केन्द्रीय पहिचानले उनको अनुभवहरू निर्माण गर्छ । प्रसाई आफै मान्छिन् कि यी दुई पहिचानको कारण उनी बारम्बार यौन हिंसाको शिकार भइन्, त्यसमा पनि विशेष गरी महिला भएका कारण ।

चौधरी चाहिँ आफूप्रतिको यौन हिंसाबारे कम चर्चा गर्छिन् । तर यस्ता हिंसा आफ्नो समाजमा अस्वाभाविक घटना नभएको बताउँछिन् । अमानवीय कमारा/कमारी भएर काम गर्नु पर्ने कमलरी महिलाको लागि जमिनदार र उनीहरूको छोराबाट बलात्कृत हुनुपर्ने जोखिम सधैँ रहन्थ्यो । कमारा मजदुर र जमिनदारबीच व्यापक शक्ति सन्तुलनको फरकले गर्दा यस्तो हिंसा सामान्य देखिन्थ्यो । सारा थारू समुदाय नै जीवन निर्वाहको लागि जमिनदारकहाँ भर पर्नुपर्ने भएकोले हिंसाविरुद्ध कानुनी अथवा आर्थिक मुद्दा उठाउनु असम्भव थियो ।

दुवै संस्मरणको अघिल्लो खण्डका विश्लेषण यी तीन विषयवस्तुमा केन्द्रित छ । छलफल समूहको अजेण्डा नै नारीवादी भएकोले, हामीले किताबमा प्रवेश गर्दा नै चौधरी र प्रसाईको महिला भएको सामाजिक पहिचानबाट गऱ्यौँ । यस सन्दर्भबाट स्पष्ट हुन्छ कि दुवैका अनुभव लैंगिक पहिचान सँगसँगै उनीहरूको छुट्टा छुट्टै जात, जातियता र वर्गीय पृष्ठभूमिले पनि निर्धारित गरेको छ । यी दुवै लेखकले अरू पहिचान जस्तैः कमलरी, सामाजिक अभियन्ता, वाम राजनीतिज्ञ र क्रान्तिकारीहरूमा जोड दिन्छन् । प्रसाईको त अझ आफ्नो महिला र कम्युनिस्ट पहिचान बीचको सम्बन्ध नै जटिल देखिन्छ । संस्मरणभरि उनले कम्युनिस्ट सिद्धान्तमा आधारित व्याख्या गरे पनि, प्रस्तुत घटनाहरूमा चाहिँ त्यो सिद्धान्त कहीँ कतै जोडिँदैन । बरु उनी आफैलाई पनि महिला भएको कारण उक्त घटनाहरू भएको जस्तो लाग्छ । सारांशमा, दुवै लेखक यी पछिल्ला पहिचानसँग सम्बन्धित मुद्दाको वरिपरि काम गरेको देख्नुको साथै र स्वयंलाई नेपालमा स्थापित महिला-केन्द्रित अजेण्डाभन्दा अलि अलग ठाउँमा राख्छन् । यो यथार्थलाई थप बुझ्न, हामी आउने दुई खण्डमा नेपालको मूलधारे नारीवादी आन्दोलनको मुख्य दुई कमजोरीको बारेमा छलफल गर्छौं ।

## पारिवारिक राजनीति? राजनीति कि परिवार?

*मेरा जीवनका पाना*को छलफलमा प्रायः सहभागीमा एक प्रकारको असन्तुष्टि व्याप्त थियो। प्रसाई तत्कालीन झापा विद्रोहको स्वर्ण दिनदेखि एउटा युवा कार्यकर्ता हुँदै संविधानसभाको सभासद् हुँदासम्मको यात्रा पार गरेकाले संस्मरणभित्रा सहभागीले गहिरो राजनीतिक नालीबेलीको आशा गरेका थिए। उनको संघर्ष अनि व्यक्तिगत र राजनीतिक जीवनमाथि सबै सहभागीको सम्मान र सद्भाव त थियो। यद्यपि क्रान्तिको सामाजिक-आर्थिक आधारमा उनको सतही बुझाइ पढेर सहभागी असन्तुष्ट थिए। संस्मरणमा भूमिगत कामको लागि पटकपटक नेपाल भारत ओहोरदोहोर गरेको लेखे पनि त्यो कामको उद्देश्य र गुदी प्रेरणा के थियो भन्नेमा प्रसाई मौन छिन्। जस्तै पृष्ठ ८८ मा प्रसाईले भारतको शिलोंगमा भूमिगत हुँदाको बखत सहकर्मी महिलाहरूसँगको फोटो राखेकी छिन्। पूरै खण्ड आफ्नो शिलोंग बसाइको कुरा लेखे पनि, दैनिक कस्तो काम गर्थिन्, कसरी संगठन बनाइन् अथवा त्यो महिला संगठनको काम र उद्देश्य के थियो भन्ने बारेमा भने पटक्कै भन्दिनन्।

यस बीचको दूरीलाई हामीले कसरी बुझ्ने? हुनसक्छ उनले जानी बुझिकन यस्ता मुद्दाहरूको गहिराई पुस्तकमा खोतल्न चाहिनन्। छलफलमा उनले हामीलाई भनेअनुसार यो पुस्तक उनको चरम भावनाहरूको निकास मात्र हो। यदि पुस्तक प्रकाशनको उद्देश्य यति मात्र हो भने उनको अनुभव र भावनाभन्दा राजनीतिक दर्शन पछाडि छुट्नु स्वाभाविक हो। शायद यसको अर्को कारण उनी र उनी जस्तै धेरै युवा कार्यकर्तालाई गहिरो राजनीतिक शिक्षा दिने प्रणाली नै छैन। प्रसाई किशोरावस्थामै भूमिगत राजनीतिमा लागिन् र उनको राजनीतिक ज्ञान पनि त्यतिमै सीमित भयो जति पार्टीले सिकायो। संस्मरणलाई आवश्यक सम्पादन नगरी प्रकाशन गरेको र पुराना टिपोटहरूको संगालो भएकोले उनको युवावस्थाको राजनीतिक बुझाइ सहभागीलाई सतही लाग्यो। संस्मरणमा उनको सतही राजनीतिक बुझाइमाथि सहभागी असन्तुष्ट त थिए नै, सहभागीले त्यस बेला अचम्म माने जब प्रसाईले विवाहपछि परिवारभित्र आफ्नो चित्रण बदलिन्। संस्मरणको आधा पुग्दा उनी सहकर्मीसँग विवाह गर्छिन्। विवाहलाई उनले अगाडि आउनसक्ने यौनहिंसाबाट बच्ने हतियारको रूपमा चित्रण गरेकी छन्। पहिला आफूलाई निकै सक्रिय पात्रको रूपमा चिनाएकी प्रसाई विवाह पछि आफूलाई निरीह देखाउँछिन्। वेश्यालयमा बेचिँदा र काठमाडौँमा राजनीतिक बन्दी हुँदासमेत आफ्नो साहसी र विद्रोही स्वभावबाट अविचलित प्रसाई विवाह र सन्तान प्राप्तिपछि पूरै निराश र पराजित देखिन्छिन्।

उनको वैवाहिक जीवनबारे असन्तुष्टि दुइटा उदाहरणले स्पष्ट पार्छ। उनी पहिलोपटक गर्भवती हुँदा निरन्तर बिरामी थिइन्। उनका श्रीमान् पार्टीको कामले सधैँ घरबाहिर नै हुन्थे। उनको संकेतअनुसार सासु ससुरासँग पनि सम्बन्ध राम्रो नभएर गर्भवती हुँदासमेत एक्लै बसेकी थिइन्। एक दिन अचानक श्रीमान् आउँदा आफूलाई अप्ठ्यारो भइरहेकोले

उनलाई घरै बस्न आग्रह गरिन् । तर श्रीमान् पार्टीको जिम्मेवारीले गर्दा आफू केही गर्न नसक्ने भन्दै तत्काल हिँडिदिए । त्यो दिन उनी बाटोमा अवरोध भएका कारण सँगै गएका साथीसहित साँझ घर फर्केका थिए । गर्भवती र बिरामी प्रसाई ती दुवैको लागि खाना बनाउन सहजै तयार भइन् । पुस्तकको यो बिन्दुसम्म उनको विद्रोहलाई साहसको रूपमा हेरिएको छ, तर तीन क्रान्तिकारीबीच गर्भवती र बिरामी हुँदासमेत भान्साको कामलाई महिलाको भनी जसरी विनाप्रश्न स्वीकारियो त्यो घोर आश्चर्य थियो । उनका श्रीमान् र श्रीमान्का साथीले किन बिरामी र गर्भवती प्रसाईको सट्टा आफूहरूले खाना पकाउनु पर्छ भन्ने सोचेनन्? प्रसाईले पनि किन उनीहरूलाई आफै खाना पकाऊ भन्न सकिनन्? प्रसाईलाई यो घटना किन कुरूप लागेन?

श्रीमान्ले लगभग एक्लै छाडे भने यता पार्टीले समेत उनलाई वास्ता गरेन । पार्टीले समानताको लागि भन्दै राजनीतिक संघर्ष गरे पनि कार्यकर्ताको घर र सम्बन्धमा त्यसलाई लान कोसिस गरेन । बच्चा हुर्काउँदै प्रसाईलाई राजनीतिक रूपमा सक्रिय हुन पार्टीमा कुनै प्रणाली नै थिएन । यस्तो अवस्था आइलाग्यो कि उनले राजनीति र बच्चामध्ये एक छान्नुपर्ने भयो । हाल नेकपा एमालेका शीर्ष नेता तथा उपप्रधान एवं गृहमन्त्री वामदेव गौतमले त उनलाई प्रस्ट रूपमा बच्चा र राजनीतिमध्ये एक छान्न भनेका थिए रे । उनी बच्चा बोकेर भूमिगत राजनीतिमा छिरेर गौतम र पार्टीलाई चुनौती चाहिँ दिइन् । तर यता घरमा बुहारी, आमा, श्रीमती हुनुको पारम्परिक भूमिकामा चित्त नबुझे पनि त्यसलाई तोड्ने चुनौतीको पहाड भने उनले छिचोल्न सकिनन् ।

प्रसाईको संस्मरणमा धेरै दोहोरिने विषयवस्तु यौन हिंसा र यौन उत्पीडन नै हो । वास्तवमा यही यौनजन्य हिंसाले नै प्रसाईको जीवन गोरेटो निर्धारण गरेजस्तो देखिन्छ । पहिलो उदाहरण, आफूभन्दा धेरै बुढो पुरुषसँगको विवाह छल्न भूमिगत राजनीतिमा जान्छिन् । दोस्रो, यौनजन्य हिंसाबाट बच्नकै लागि सहकर्मी कार्यकर्तासँग विवाह गर्न राजी हुन्छिन् । यसबीचमा विवाहपछि पनि पुरुषको नचाहिँदो चासोबाट जोगिन के गर्ने र कसो गर्ने भन्ने प्रश्नमा सधैँ नै रुमलिन्छिन् ।

यति हुँदा पनि प्रसाई लैंगिक संरचनाको उग्र परिवर्तनको विरोध गर्थिन । यसको ज्वलन्त प्रमाण काठमाडौँमा प्रसाई र नेपाली काँग्रेसकी नेता शैलजा आचार्य दुवै एकै हिरासतमा राजनीतिक बन्दी हुँदा बखतको कुराकानीमा देखिन्छ । आचार्यले प्रसाईसँग नेपाली महिलाले विवाहबिना आमा बन्ने स्वतन्त्रता र अधिकार पाउनुपर्छ भन्ने वकालत गर्दा प्रसाईले भनेकी छिन, "तपाईँ नेपाली महिलालाई वेश्या बनाउन खोज्दै हुनुहुन्छ । त्यसो होइन, उनीहरूको मुक्ति, स्वतन्त्रता, समानता र आदर्शताका लागि लडौँ न" (पृ. ६५) ।

हामीले छलफल सत्रको अन्त्यतिर प्रसाईलाई अझै पनि विवाहबिना महिलाले सन्तान जन्माउने अधिकारमा तपाईंको धारणा त्यही हो भनेर सोध्यौँ । त्यो अधिकार हुनु पर्छ तर

त्यस्तो निर्णय लिने महिलामा निश्चितरूपमा आउने सामाजिक लाञ्छना थेग्न सक्ने सामर्थ्य हुनु जरुरी छ भनी उनले भनेकी थिइन् । त्यति भन्दा भन्दै पनि उनको धारणा थियो कि नेपाली समाजले वर्गीय संरचना रूपान्तरण गर्न तयार देखिए पनि लैंगिक संरचना रूपान्तरणका लागि अझै तयार छैन । तुलनात्मक रूपमा लैंगिक संरचना रूपान्तरणको लागि समय अनुकुल भई नसकेको उनको विचार थियो ।

यता चौधरीको संस्मरणमा लैंगिक संरचनाको चर्चा झनै न्यून छ । उनको मुख्य चासो भनेको भूमिहीनहरूको अधिकारमाथि छ । यो एजेन्डा उनले भूमिअधिकार मञ्चमा राजनीतिक अभियान शुरू गर्दादेखि संसदीय समितिमा सभापतिको हैसियतमा काम गर्दासमेत छोडिनन् । महिलाअधिकारभन्दा पनि आफू भूमिअधिकारमा वकालत गर्न रोजेरै लागेको चौधरी बताउँछिन् । महिलाअधिकारको बारेमा वकालत गर्न अरू धेरै भए पनि भूमिअधिकारमा साह्है थोरै मान्छे मात्र काम गर्नु यसको कारण रहेको उनको प्रस्टोक्ति छ । यसरी हेर्दा एक हिसाबले उनको तर्क स्वीकार्य देखिन्छ । तर यो प्रश्न उब्जिन्छ कि किन चौधरी भूमिहीनहरूको मुद्दा पनि महिलाअधिकार अभियानको चासोभित्र पर्छ भन्ने ठान्दिनन्? यो प्रसंग मूलधार महिला अभियानकर्ताहरूले पुख्र्यौली सम्पत्तिमा आधारभूत रूपमै दाबी गर्दैआएको सन्दर्भसँग जोडिएको हो ।

अर्कोतर्फ चौधरी पनि सामन्ती जमिनदारी कुप्रथा विरुद्ध निरन्तर लड्नु तर घर परिवारमा सबै प्रकारको अनुचित व्यवहार स्वीकार्नु विरोधाभासपूर्ण देखिन्छ । प्रसाई जस्तै चौधरीको जीवनमा पनि यौन हिंसाको सिकार हुने सम्भावना उच्च थियो । त्यसैले उनी पनि जमिनदारबाट हुनसक्ने यौन हिंसा तथा बलात्कारबाट बच्न विवाह गरेको बताउँछिन । तर विवाहपछि पनि उनले शारीरिक र मानसिक रूपमा हिंसा खेपी नै रहनुपर्‍यो । सभासद् हुनु अगाडिसम्म पनि श्रीमान्ले उनको सार्वजनिक सक्रियता नस्वीकारेको र राजनीतिमा जानबाट रोक्न खोजेको प्रस्ट देखिन्छ । उनलाई गाली गर्ने, पिट्ने घटना त सामान्यजस्तै थियो । झन् एक पटक त अर्को केटासँग लागेको शंकाकै भरमा उनले पाखुरा नै भाँचिने गरी पिटाइ खानुपरेको थियो । चौधरी भन्छिन्, "एकातिर जमिनदारको कामको पीडा, अर्कोतिर घरको तनाव, म दोहोरो चिन्तामा पर्थें" (पृ. ८१) । तर चौधरीले किन यी सबै घरेलु हिंसा चुपचाप सहिन् भन्ने कुरामा छलफलमा उपस्थित समूह एकछिन घोरियो । सायद उनको जाने ठाउँ कहीँ पनि थिएन भन्ने समूहले सोच्यो । सबै शक्ति र उत्साह उनले दमनमा परेका कमलरीको पक्षमा खर्चिँदा सायद कहिलेकाहीँको कुटाइ उनलाई ठूलो समस्या लागेन होला ।

यो होइन कि चौधरी घर परिवारसँग लड्दै लडिनन् । उनले आफ्नो सामाजिक अभियान शुरू गर्दा पक्का जमिनदारहरू रिसले चुर भएका थिए । चौधरीको परिवार र समाज दुवै जमिनदारको रिसको सम्भावित प्रभावबाट डराएर उनको सक्रियता रोक्न खोजिरहे । तर

उनी डेग चलिनन् । बैठक र विरोधसभामा लुकिछिपी भाग लिनु परे पनि उनले यसलाई जीवनको नियमित अंश बनाइन् । श्रीमान्ले उनलाई राष्ट्रिय भूमिअधिकार मञ्चको बैठकमा भाग लिन जाने बेला चेतावनीपूर्वक रोक्न खोज्दासमेत त्यसलाई पूरै बेवास्ता गर्दै हिँडिदिइन् । उनी फागुन २०६४ मा भूमिअधिकार मञ्चको उपाध्यक्ष भएपछि भने स्थितिमा थोरै बदलाव आयो । आफ्नो श्रीमान्को प्रसंगमा उनले लेखिकी छन् कि, "मैले उहाँलाई काठमाडौँ काम गर्न पठाएकी थिएँ" (पृ. ९७) ।

छलफलमा उपस्थित समूहले चौधरीलाई सराहना गरेको थियो । सारा अप्ठ्यारो परिस्थितिका वाबजुद उनले देखाएको साहस, नयाँ कुरा सिक्ने उनको लगाव (पढ्ने, लेख्ने, कम्प्युटर र गाडी चलाउन मौका पाउनासाथ सिक्न खोजिहाल्थिन्) र उनको सांगठनिक दक्षताको सम्मान गरेका थिए । तर पहिलो संविधानसभामा पुग्दासम्म पनि अरू सभासद्हरूले उनको खास उपलब्धितिर ध्यान नै दिएनन् । सभासद् भएपछि उनको नमिठो अनुभव थियो कि, एक महिला सभासद्ले उनीतिर औँल्याउदै भनेकी थिइन्, "यस्ता-यस्ता मान्छे पनि सभासद् चुनिएर आएछन्" (पृ. १०९) । सन् २००८ को पहिलो संविधानसभामा जाँदासम्म उनीसँग जम्मा एक जोर लुगामात्र थियो । त्यसले उनलाई गाउँले, गरिब र उच्च जातको होइन भन्ने प्रस्ट देखाउँथ्यो । उनको गरिबीलाई धेरैले गिज्याए/होच्याए । अरू पनि समानुपातिक तर्फबाट मनोनित केही सभासद्को अनुभव उनको जस्तै थियो । उनीहरूलाई पढ्न लेख्न नज्जाने, "औँठाछाप" भनेर खिल्ली उडाइयो ।

चौधरीको सभासद् अनुभव पढेर हाम्रो छलफल समूहले राजनीतिमा क्षमतालाई कसरी परिभाषित गरिन्छ भनेर पनि खोतल्यो । पार्टीले भने चौधरी सभासद् भएपछि उनको क्षमताको कदर गऱ्यो (पहिले नै भनिसकियो कि उनलाई पार्टीले संसदीय प्राकृतिक स्रोत समितिको सभापति बनायो र दोस्रो संविधानसभामा प्रत्यक्ष चुनावतर्फ उमेदवारीको टिकट दियो) । तर शुरूमै उनको पहिरन देखाएर र अशिक्षित भनी जसरी होच्याइयो यसले क्षमतालाई वर्गीय, जातीय, लैंगिक आधारमा मापन गरेको पाइयो । यस्तो तर्कले राष्ट्रिय राजनीतिमा इतिहासदेखि सीमान्तकृत बनाइएकाहरूलाई आरक्षण दिनु हुँदैन भन्ने पक्षलाई बल पुग्छ । साँच्चैभन्दा यी तर्क महिलालाई राजनीति र निर्णयशक्तिमा पुग्नबाट रोक्ने ठूला बाधा अड्चन हुन् ।

## सार्वजनिक, निजी बीचको धुमिल रेखा

दुवै महिलाले लैंगिक सम्बन्धमा संरचनागत परिवर्तन ल्याउने विषयलाई खासै जरुरी नठान्नुका पछिल्तिर खास कारण छन् । प्राथमिकता चयनमा दुवैको प्रेरणास्रोत फरकफरक छ । प्रसाईको विचारमा लैंगिक असन्तुलन पनि शास्त्रीय मार्क्सवादले व्याख्या गरेझैँ समाजको वर्ग संघर्षको सम्बन्ध पुनर्भाषित भएपछि स्वतः सन्तुलन आउँछ भन्ने हो ।

पार्टीले उग्ररूपले मात्र होइन क्रमिक रूपमा पनि घरलाई राजनीतिको थलो बनाउन कोसिस नै गरेन । यता चौधरीमा भने दुई दशक लामो अपमानजनक निर्दयी दासत्वको भोगाइले उनका प्राथमिकता निर्धारण गरेको छ । उनको महिलाकेन्द्रित कामभन्दा पनि भूस्वामित्व, प्राकृतिक सम्पदामा पँहुच, सम्मानित मजदुरी जस्ता मुद्दाहरूमा चासो छ ।

प्रसाई र चौधरीको जीवनपथलाई ध्यान दिने हो भने उनीहरूको फरक प्राथामिकता बुझ्न सकिन्छ । उनीहरूलाई कथित महिला मुद्दाभन्दा अरू एजेन्डा आफूनिकट लाग्ने यथार्थले नारीवादी अभियानबारे के बताउँछ? यो प्रश्नले हाम्रो छलफललाई नेपालको महिला आन्दोलनप्रतिको दुई दीर्घकालीन र सम्बन्धित आलोचनातर्फ डोऱ्यायो । पहिलो, महिला आन्दोलन असमावेशी छ, कथित उच्चजाति र उच्च घरानिया शहरिया महिलाद्वारा सञ्चालित छ । दोस्रो, निम्नवर्गीय, कथित निम्न जाति साथै सीमान्तकृत महिलाको दैनिक जीवनका वास्ताविकतालाई सुविधाभोगी वर्गले नेतृत्व गरेको नेपालको महिला आन्दोलनले खासै वास्ता गरेको छैन । खासमा यो वास्तविकता नेपालमा सन् १९५१ को प्रजातान्त्रिक आन्दोलनको शुरूआतदेखि नै रहिआएको छ । मूलधार आन्दोलनको यही पक्षले गर्दा दशकौँदेखि यसको आलोचना भएको हो ।

यसैबीच चौधरी र प्रसाईजस्ता सक्षम अनि राजनीतिक समझ भएका दल भित्रका महिलाहरूले नारीवादी आन्दोलनलाई कसरी पुनर्भाषित गर्न सक्लान् भनेर प्रश्न सोधिँदैन । यो आश्चर्यजनक हो, किनकि नेपालमा लैंगिक संरचना पुनर्स्थापित गर्नको लागि सफल देशव्यापी आम अभियान चलाउन राजनीतिक दल अझ विशेष गरी महिला नेता र विभागको पूर्ण सहभागिता हुनपर्छ । यो अनिवार्य हुनुको कारण स्पष्ट छः राजनीतिक दलहरूले नेपाली समाजमा जात, धर्म, पेशा, भूगोल जस्ता धेरै फरक विभागमा गहिरो रूपमा जरा गाडेका छन् । दुवै संस्मरणबाट देखिन्छ कि महिला नेताहरू राष्ट्र र घरको राजनीति बीचको पुल बनाउन विल्कुल सही स्थानमा तैनाथ छन् ।

राजनीति तथा अन्य चुनौतीपूर्ण पेशामा लागेका महिलाहरू आफू खाना बनाउने, सरसफाइ गर्ने, बालबच्चाको रेखदेख गर्नेलगायतका नियमित घरायसी काम भ्याएर पनि कार्यालय पुगेपछि पुरुषमैत्री एवं प्रतिस्पर्धात्मक वातावरणमा अबेलासम्म खट्नुपर्दा मारमा पर्ने गरेको बताउँछन् । तर तिनै महिलाले घरपरिवारभित्र विद्यमान विभेदमूलक प्रवृत्ति र पारिवारिक राजनीतिलाई संगठित रूपमा कमै मात्र चुनौती दिएका छन् । न त घरायसी कामको समुचित बाँडफाँटको माग गर्दै महिलाहरूलाई संगठित गराउन कुनै अभियान चलाइएको पाइन्छ । राजनीतिक, पेशागत र भन्नै पर्दा अभियानकर्ता महिलाहरूमा समेत पनि घरपरिवार भित्रको संघर्ष सामूहिक वा संगठित नभई व्यक्तिगत हो भन्ने बुझाई छ (र हामी सबै व्यक्तिगत रूपमा सक्दो सम्झौता गरिरहेका छौँ) । तसर्थ प्रसाई र चौधरीको राजनीतिक सक्रियता र पारिवारिक निरीहताबीच तालमेल नहुनुको कारण पनि सायद

नेपालको महिला अभियानले परिवारभित्रको राजनीतिलाई संगठित रूपमा सम्बोधन नगर्नु हो भन्न सकिन्छ । हुन त महिला आन्दोलनले सम्पत्ति, नागरिकता र नीतिगत पुनर्संरचना जस्ता धेरै मुद्दाहरूको उठान गरेको छ फलस्वरूप यी विषयहरू सार्वजनिक तथा राजनीतिक सरोकारका विषय बन्न पुगेका छन् । प्रसाई र चौधरी दुवै यस्तो राजनीतिलाई समर्थन गर्छन् यद्यपि आफूहरू भने भिन्न खालको राजनीतिमा होमिएको उनीहरूको भनाइ छ । मूल विषय यो हो कि महिला अभियानहरूले कथित निजी/घरयासी संरचनालाई सार्वजनिक बहसमा उतार्न नसकेकाले नै घरपरिवार चाहिँ सडक जत्तिकै संगठित राजनीति गर्ने थलो हो भन्ने मान्यता नेपाली समाजमा स्थापित छैन ।

**सुरभी पुडासैनी, आस्था शर्मा पोखरेल**
**र चौकठको नारीवादी अध्ययन समूह**